बैठक संख्या: १४

मिति: २०७९ माघ २२ गते.
समय: विहान ८ बजे

नगर कार्यपालिकाका अध्यगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| 1 | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| .2 | श्री कृष्णकुमारी निरौला | नगर उपप्रमुख | |
| .3 | श्री बिष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| .4 | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| .5 | श्री डम्बरबहादुर राइ | वडाध्यक्ष वडा नं. ३ | |
| .6 | श्री राम कुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| .7 | श्री भुमबहादुर सुर्यमगर | वडाध्यक्ष वडा नं. ५ | |
| .8 | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं. ६ | |
| .9 | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| 10 | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| 11 | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं. ९ | |
| 12 | श्री अमिता राइ | कार्यपालिका सदस्य | |
| 13 | श्री चम्पा थापामगर | कार्यपालिका सदस्य | |
| 14 | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| 15 | श्री पुरणमाया राइ | कार्यपालिका सदस्य | |
| 16 | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| 17 | श्री ओमप्रकाश विश्वकर्मा | कार्यपालिका सदस्य | |
| 18 | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| 19 | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| 20 | श्री पुरुषोत्तम घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

शिक्षा उपसचिव श्री कृष्णराज राई

प्रशासन तथा योजना शाखा प्रमुख अधिकृत स्तर सातौं श्री भुपेन्द्र खनाल

लेखा अधिकृत श्री डिग बहादुर सोडारी

इन्जिनियर श्री भानु राई

स्वकिय सचिव श्री परल्हाद खड्का

प्रशासन शाखा श्री रबि सुबेदी

सहलेखापाल श्री. युवराज श्रेष्ठ

का.स. श्री विकल वि.क. रसाइली

छलफलका विषय तथा निर्णय 2079/10/22

| सि नं | छलफलका विषय | निर्णय |
|---|---|---|
| १ | सरोकारवालाहरुसंगको अन्तरक्रिया समिक्षा | २०७९ माघ १९ गते नगरभित्रका सबै पक्षहरुको सहभागितामा भएको अन्तरक्रियावाट नगरको समुन्नतिका लागी प्राप्त सुझावहरुलाइ दस्तावेजको रुपमा राखि नगरका योजनाहरुमा अवलम्बन गर्ने । |
| २ | आ व २०७८/७९ को सामाजिक परीक्षण प्रतिवेदन । | लेटाङ नगरपालिकाको आ व २०७८/७९ मा सञ्चालित योजना तथा कार्यक्रमको सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत भयो । सो प्रतिवेदनलाइ स्वीकृत गरी प्राप्त सुझावलाइ आगामी दिनमा कार्यान्वयनमा लैजाने । |
| ३ | ताक्चुवा खानेपानी संस्थाको विधान स्वीकृत गर्ने । | जलउपभोक्ता सम्बन्धी तक्चुवा खोला खानेपानी उपभोक्ता समिति लेटाङ न.पा.वडा नं ७ को विधान दर्ताको लागि पेश भएको र विधान जाँच भै आएको हुँदा दर्ता गर्ने । |
| ४ | नगरसभामा पेश हुने कार्यक्रम | कार्यपालिकाको बिभिन्न मितिका बैठकवाट रकमान्तर गर्ने निर्णय भएका अनुसूची बमोजिमका कार्यक्रम तथा योजनाहरु र योजना तर्जुमा समितिबाट छनौट भै आएका अनुसूचीमा उल्लेखित योजना तथा वजेट संशोधन सम्बन्धी प्रस्ताव २०७९ माघ २३ गते हुने बाह्रौं नगरसभामा पेश गर्न अनुमोदन गरियो । |
| ५ | आचारसंहिता अनुगमन समिति गठन | लेटाङ नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्न कार्यविधि २०७४ को दफा १४ बमोजिम देहाय बमोजिम अनुगमन समिति गठन गर्ने ।<br>संयोजकः अमिता राइ<br>सदस्यः ओमप्रकाश विश्वकर्मा<br>सदस्यः चम्पा मगर<br>सदस्य सचिवः संजिता खनाल शिक्षा अधिकृत छैटौं |
| ६ | संगठन संरचना | लेटाङ नगरपालिकाको ;संगठन तथा व्यवस्थापन सर्वेक्षणमा प्रक्षेपण गरिएको सांगठनिक संरचनामा सबै विषय स्पष्ट हुन नसकेको हुँदा पुनः परिभाषित गरी तयार गरिएको सांगठनिक संरचनालाइ स्वीकृतिका लागि बाह्रौ नगरसभामा प्रस्तुत गर्ने । |
| ७ | प्रतिवेदन प्रस्तुत | लेटाङ नगरपालिकाका विभिन्न समितिहरु मध्ये सामाजिक समिति राजस्व परामर्श समितिको प्रतिवेदन प्रस्तुत भयो । राजस्व परामर्श समितिको प्रतिवेदन अनुसार घरवहाल कर सम्बन्धी कार्यविधि निर्माण गरी ऐलानी पर्ति जग्गामा बनेका घरहरुलाइ समेत करको दायरामा ल्याउन सकिने भएकोले तत्सम्बन्धी कार्यविधि निर्माण गरी कार्यपालिका समक्ष पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवारी दिने ।<br>-फोहरमैला व्यवस्थापन शुल्क वापत २०७९ चैत्र मसान्तभित्र बुझाएमा विगत आ व देखि नै रहेको वक्यौता रकममध्ये ५० प्रतिशत छुट दिने गरी नगरसभामा |

| | | |
|---|---|---|
| | | प्रस्ताव पेश गर्ने । नगरभित्रका सबै घरपरिवारमा फोहरमैला कार्ड उपलब्ध गराइ सबैलाइ करको दायरामा समेट्ने ।<br>-फोहरमैला शुल्क छुटको निर्णय संघसंस्थाको लागि नभइ व्यक्तिको हकमा मात्र लागु हुनेछ ।<br>- आ व २०७८/०७९ सम्म नबुझाएको व्यसाय दर्ता प्रमाणपत्र नवीकरणमा लाग्ने जरिवाना वापतको रकम शतप्रतिशत छुट दिने ।<br>-फोहरमैला व्यवस्थापन तथा व्यवसाय नवीकरणमा नियमित कर तिर्ने बुझाउने नगरवासी सबैमा धन्यवाद ज्ञापन गर्ने । |
| ८ | तराइ मधेश समृद्धि कार्यक्रमका लागी योजना छनौट । | आ व २०८०/०८१ को लागी तराइ मधेश समृद्धि कार्यक्रम अन्तरगत योजना माँग भै आएको छ । यो कार्यक्रमका लागी निम्न योजना माँग गर्ने ।<br>१. लेटाङ नगरपालिका वडा नं ९ मोरङ्गी खोला पुल दक्षिणमा रहेको २ विगाहा सार्वजनिक जग्गामा विपद् व्यवस्थापन, सिञ्चाइ तथा मत्स्यपालनबाट नगरपालिकाको थप आयस्रोत विस्तार समेतका लागी पोखरी निर्माण गर्ने । |
| ९ | बजेट बिनियोजन | १. जेष्ठ नागरिक एकता समन्वय केन्द्र नेपाल लेटाङ्ग नगर समितिको चौथो अधिवेसनमा जेष्ठ नागरिक सम्मान गर्न रू५0000 प्रदान गर्ने।(जेष्ठ ना. स. कार्यक्रम बाट)<br>२. मनकामना मौरीपालन श्रोत केन्द्र लेटाङ-९ लाई विराटनगरमा संन्चालन भइरहेको कोशी एक्स्प्रो २०२३ मा महोत्सवमा स्टल राखी बजारीकरण र प्रचारप्रसार गर्नका लागि रू२५000/- प्रदान गर्ने।(कार्यक्रम खर्च बाट)<br>३. नेपाल आदिवासी जनजाति महासंघ लेटाङ ९ लाई हाउस वाइरिङ्ग तालिम संन्चालन गर्न वडा बाट रू५0000 बिनियोजन गरेको तथा रकम अपुग रकम ६७000/- प्रदान गर्ने।(जनजाती लक्षीत कार्यक्रम बाट) |
| १0 | झोलुङ्गे पुलको लागी स्थान निर्धारण र डिपिआरको लागी कार्यदिश । | अघोटखोलामा निर्माणाधीन झोलुङ्गेपुलका लागी आवश्यक सामान तथा निर्माण खर्चका लागी वजेट विनियोजन गरी बाँकी रहेको रकमबाट भुवाखोलामा झोलुङ्गेपुललाइ विनियोजन गर्ने र झाक्रिखोला झोलुङ्गेपुललाइ डिपिआर कार्यदिश दिने । |
| ११ | भू-उपयोग मापदण्डका लागी क्षेत्र निर्धारण | लेटाङ नगर क्षेत्रमा भूउपयोग मापदण्ड तय गर्नका लागि तपसिल बमोजिमका क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।<br>• **बजार क्षेत्र** |

यस नगरपालिका क्षेत्र भित्र रहेका निम्न चोकहरुलाई भविष्यमा बजार क्षेत्रको रुपमा कायम गर्ने ।

वडा १ — अँधेरी

वडा २ — बुधबारे

वडा ३ र ४ — लेटाङ बजार

वडा ५ — दिल्ली चोक

वडा ६ — सुकेचौरी (रमाइलो चोक)

वडा ७ — मंगलबारे बजार र कुम्लेटार

वडा ८ — जाँते बजार

- ल्याण्ड पुलिङ क्षेत्रः जग्गा एकीकरण आयोजना
- सेमिनार हल एक वडा एक सेमिनारहल
- बसपार्क लेटाङ वडा नं ४ राजारानी आरुवोटे २ नं को १६ नं वडा नं ३ ४ ५ र ६ को लागी वडा नं ४ लेटाङ बजारको साविक वसपार्क वडा नं ७ को वारङ्गी मंगलबारे वडा नं ८ को डाँडागाउँ वडा नं ९ को तेलीखेत बाहगोठे
- ल्याण्डफिल्ड साईटः वडा नं ८ र ९ को लागी तेलीखोला किनारमा भएको आर्यघाट छेउ ६ ५ नं मा जोरफणिर वडा नं ३ ४ ६ को साविकमा भैरहेको कमलपुर पुछारमा प्रयोगमा रहेको २ नं वडाको लागी बुधबारे हाटखोला दक्षिण वडा नं १ को खैरेनीभित्ता
- खेलमैदान/ रङ्गशालाः भैरहेका खेल मैदानहरु टुक्रेवनमा नगरस्तरीय खेलमैदान तथा सेमिनारहलहरु


  १ हर्दिया आरुबोटे राजारानी, २ फडानी पुछार बुधबारे १६ नं, ३ कमलपुर कीर्तिमान , ४ जनसेवा शान्ति भगवती भलिबल क्लवको मैदान

  ५ प्रतिभा खेलमैदान जनसेवा खेलमैदान युनाइटेड खेलमैदान बुद्ध खेलमैदान ६ सुकेचौरी ७ पित्लुम्वा वाराजी ८ अँधेरी र लालझोडा जाँतेखोला ९ साकेला तेली

| | | |
|---|---|---|
| | | औद्योगिक ग्रामः लेटाङ ५ को करमबोटे वडा नं २ प्रगतिटोल लम्साल टोल र कीर्तिमान तेलीखेत क्षेत्र<br>• पर्यटकीय क्षेत्रः राजारानी आरुबोटे किशेझरना झाक्रिगुफा अन्तरधार्मिक पार्क २ रानीवन ३ चिसाङ ४ जनसेवा सामुदायिक वन पार्कहरु वजार ५ जोरकुप विमिरे सुरेटार ६ गुवावारी समलडाँडा ७ समला वृहत वराहक्षेत्र ८ होक्से कोलुङ झरना अँधेरी ९ धार्मिक पर्यटन<br>• शवदाह स्थल क्षेत्रः लेटाङ ३ चिसाङ मुक्तिघाट २ चिसाङ गंगाघाट ८ तेली गंगाघाट ९ स्वर्गद्वारी र गणेशघाट, दफनक्षेत्र फायरलाइनपूर्व 1१ २ फडानी पुछार ३५ विघे पुछार तुर्के डाँडाँ ३ कीर्तिमान पुछार कमलपुर पुछार ५ त्रिवेणि सामुदायिक वन वसन्त सामुदायिक वन ६ ७ थामचुली जंगल जौवारी ८ शिवशक्ति र सगरमाथा सामुदायिक वन एरिया ९ सदावहार साव र वसन्त हरियाली वन<br>• खानी क्षेत्रः चिसाङ र भुवाखोलाऽ वडा नं ७ धिरिखाडाँडा कालीमाटी १ किशेटार<br>• अन्य प्रमुख पूर्वाधार वधस्थल<br>• कृषि क्षेत्रः<br>माथि उल्लेखित क्षेत्र बाहेक अन्य क्षेत्र कृषि क्षेत्र कायम गर्ने |

लेटाङ नगरपालिकाको

# सांगठनिक संरचना




लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, मोरङ